# प्रेस विज्ञप्ति

## सञ्चालकको नियुक्ति तथा शपथ ग्रहण

यस बैंकको सञ्चालक समिति सदस्य पदमा नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट अर्थ मन्त्रालयका सहसचिव श्री रितेश कुमार शाक्य नियुक्त भई आउनुभएको छ । नव नियुक्त सञ्चालकले मिति २०७८ कार्तिक ४ गतेका दिन सञ्चालक समितिका अध्यक्ष श्री सुमनराज अर्यालज्यूबाट सञ्चालक पदको पद तथा गोपनियताको शपथ ग्रहण गर्नुभयो ।

शपथ ग्रहण कार्यक्रम पश्चात् बैंक सञ्चालक समिति अध्यक्ष श्री सुमनराज अर्यालज्यूले नव नियुक्त सञ्चालकलाई सञ्चालक समितिमा स्वागत गर्दै सञ्चालक समितिमा रहेर बैंकको नीति निर्माण र व्यावसायिक विकासमा सञ्चालक सदस्य श्री रितेश कुमार शाक्यको महत्वपूर्ण योगदान रहने विश्वास व्यक्त गर्नुभयो ।

तत पश्चात् नवनियुक्त सञ्चालक सदस्य श्री रितेश कुमार शाक्यले नेपाल बैंक लिमिटेडको सञ्चालकको जिम्मेवारीका लागि नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्नुहुँदै आफूले बैंकको हितमा सक्दो योगदान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

शपथ ग्रहण कार्यक्रममा यस बैंक सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिव समेतको उपस्थिति रहेको थियो ।

काठमाडौं, २०७८ कार्तिक ५ गते, शुक्रबार ।

समता पन्त
नायब प्रमुख कार्यकारी अधिकृत


नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड